सु.जि.प्र.का.द.नं. १३/२०५७/०५८

काँक्रेविहार

Kankrebihar National Daily

कर्णाली प्रदेशको पहिलो दैनिक

राष्ट्रिय दैनिक



❐ वर्ष : २५ ❐ अंक : १३० ❐ शनिवार, ९ फागुन, २०८२ ❐ Saturday, 21 Feb. 2026 ❐ नेपाल संवत ११४६ ❐ पृष्ठ : ४ ❐ मूल्य : रू. १०

पुराना दललाई आफ्नै मत जोगाउन सकस

❐ काँक्रेविहार संवाददाता
सुर्खेत, ८ फागुन


कर्णाली प्रदेशमा आगामी प्रतिनिधिसभा निर्वाचन नजिकिँदै जाँदा परम्परागत रूपमा प्रभाव जमाउँदै आएका दलहरूलाई यस पटक आफ्नै सैद्धान्तिक मत जोगाउन चुनौती थपिएको छ। नेपाली कांग्रेस, नेकपा एमाले र नेपाल कम्युनिष्ट पार्टी (नेकपा) जस्ता पुराना दलहरू संगठन विस्तार, घरदैलो अभियान र मतदाता भेटघाटमा सक्रिय देखिए पनि मतदाताको मनोविज्ञान भने विगतभन्दा फरक बन्दै गएको छ।

विशेषगरी पछिल्लो समय नयाँ शक्तिको रूपमा उदाएको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) लगायतका दलहरूको प्रभाव विस्तारसँगै परम्परागत मत विभाजन हुने देखिएको हो। युवा, वैदेशिक रोजगारीबाट फर्किएका मतदाता तथा शहरी मतदातामाझ नयाँ विकल्प खोज्ने प्रवृत्ति बढ्दो छ। यसले पुराना दलहरूलाई आफ्नै 'कोर भोट बैंक' सुरक्षित राख्न चुनौती थपेको छ।

कर्णालीका विभिन्न जिल्लामा लामो समयदेखि एउटै राजनीतिक धारमा मत हाल्दै आएका मतदातामाझ यस पटक विकल्पको बहस सुरु भएको स्थानीय राजनीतिक विश्लेषकहरू बताउँछन्। विकास निर्माणका अधुरा काम, रोजगारीको अभाव, स्वास्थ्य तथा शिक्षामा देखिएको कमजोर अवस्था जस्ता विषयलाई लिएर मतदाता असन्तुष्ट देखिएका छन्। यस्तो असन्तुष्टिलाई नयाँ दलहरूले मुख्य एजेन्डा बनाएका छन्।

पुराना दलका नेताहरू भने संगठन बलियो रहेको दाबी गर्छन्। उनीहरूका अनुसार स्थानीय तहदेखि केन्द्रसम्मको अनुभव, संरचना र कार्यकर्ता सञ्जालका आधारमा आफ्नो सैद्धान्तिक मत सुरक्षित रहने विश्वास लिइएको छ। तर, मतदाताको मौनता र खुलेर प्रतिबद्धता नजनाउने प्रवृत्तिले उम्मेदवारहरूलाई ढुक्क हुन नदिएको स्वीकारोक्ति स्वयं दलभित्रै सुनिन थालेको छ।

कर्णालीमा विगतका निर्वाचन परिणाम हेर्दा मुख्य प्रतिस्पर्धा प्रायः तीन दलबीच सीमित रहने गरेको थियो। तर यस पटकको निर्वाचनमा नयाँ दल र स्वतन्त्र उम्मेदवार हरूको उपस्थितिले प्रतिस्पर्धा बहुपक्षीय बनेको छ। यसले साना मत विभाजनसमेत परिणाम निर्णायक बन्न सक्ने अवस्था सिर्जना गरेको छ।



> ***कर्णालीमा विगतका निर्वाचन परिणाम हेर्दा मुख्य प्रतिस्पर्धा प्रायः तीन दलबीच सीमित रहने गरेको थियो। तर यस पटकको निर्वाचनमा नयाँ दल र स्वतन्त्र उम्मेदवारहरूको उपस्थितिले प्रतिस्पर्धा बहुपक्षीय बनेको छ।***

समानुपातिक मतले देखाएको संकेत

यही फागुन २१ गते प्रतिनिधिसभा निर्वाचन हुदैछ। राजनैतिक दलहरु चुनावी नतिजा आफ्नो पोल्टामा पार्न यतिबेला घरदैलो अभियानमा व्यस्त छन्। २०७९ को प्रतिनिधिसभा निर्वाचनमा कर्णालीका १० वटै जिल्लामा प्रमुख राजनीतिक दलहरूले पाएको मत परिणाम अनुसार केही जिल्लामा प्रतिस्पर्धा कडा देखिएको छ, भने केहीमा कुनै एक दलको स्पष्ट अग्रता देखिन्छ।

समानुपातिक मतपरिणाम अनुसार सुर्खेतमा नेपाली कांग्रेसको ३३ हजार ६०८, नेकपा एमाले २९ हजार ६८७, नेपाली कम्यूनिष्ट पार्टी तथ तत्कालिन नेकपा माओवादी केन्द्रको ६ हजार ४३१, तत्कालिन नेकपा एकीकृत समाजवादी दुई हजार ८९६, राष्ट्रिय स्वतन्त्र पार्टी ६ हजार १४६ र राष्ट्रिय प्रजातन्त्र पार्टीको तीन हजार ९७५ मत रहेको छ।

यस्तै हुम्लामा कांग्रेसको आठ हजार १९२, एमाले पाँच हजार ९०७, माओवादी केन्द्र सात हजार ३६३, समाजवादी एक हजार २१, रास्वपा १७१ र राप्राले ६९ मत पाएका थिए। मुगुमा कांग्रेसले आठ हजार ४४०, एमाले आठ हजार ६४३ र माओवादी केन्द्रले चार हजार ६५० मतसहित पछ्याइरहेको छ। मुगुमा समाजवादीले दुई हजार ६१२ मत पाउँदा रास्वपा २१० र रापपो ३६८ मत प्राप्त गरेका थिए। डोल्पामा एमाले ६ हजार २९४ मतसहित पहिलो स्थानमा छ। कांग्रेसले तीन हजार ५९१ माओवादी केन्द्रले चार हजार ७२१, समाजवादी एक हजार ८२४ मतमा सीमित रहँदा रास्वपाले ५५७ र रापपा पार्टीले ४६५ मत पाएका थिए।

यस्तै जुम्लामा कांग्रेस १० हजार ४७६ मतसहित अग्रस्थानमा छ। एमालेले १० हजार ५४८ मत ल्याएर कडा प्रतिस्पर्धा दिएको थियो। माओवादी केन्द्रले ८ हजार ९६०, रास्वपा ८९९, समाजवादी दुई हजार ६४८ र राप्रपाले पाँच हजार ७९६ मत पाएका छन्।

कालिकोटमा माओवादी केन्द्र १४ हजार २२९ मतसहित पहिलो, एमाले १२ हजार ५६४४६ मतसहित दोस्रो र कांग्रेस १० हजार ५८५ मतसहित तेस्रो स्थानमा छन्। रास्वपा ६०१ मत ल्याएको छ भने समाजवादीले दुई हजार ५३ र राप्रपा एक हजार ३७ मत पाएका छन्।

दैलेखमा एमाले १६ हजार ३१३, कांग्रेस १५ हजार ८३७, माओवादी केन्द्र दुई हजार ६४५, समाजवादीले तीन हजार १६६, रास्वपा ८८७ र राप्रपाले एक हजार ८५४ मत पाएका थिए। यता जाजरकोटमा कांग्रेस २२ हजार ९३४, एमाले १९ हजार ७४९, माओवादी केन्द्र १४ हजार ४१२, समाजवादी ७८६ मत, रास्वपा ५९४ र राप्रपा ५३९ मत छ।

रुकुम पश्चिममा भने माओवादी केन्द्रको बलियो थियो। माओवादी केन्द्र ३४ हजार ३४७ मतसहित अग्रस्थानमा छ। कांग्रेस आठ हजार ७६६, एमाले आठ हजार ७६९, समाजवादीले एक हजार ५१०, रास्वपा एक हजार ८६१ मत र राप्रपाले ५९३ मत प्राप्त गरेका थिए।

यस्तै सल्यानमा कांग्रेस १९ हजार ९६६, नेकपा माओवादी केन्द्र २१ हजार ३२५ र एमाले २२ हजार २५६ मत ल्याएका थिए। समाजवादीले पाँच हजार ९७०, रास्वपा चार हजार ५२२ मत र राप्रपाले दुई हजार ३०८ मत पाएका थिए।

राजनैतिक विज्ञहरुका अनुसार यदि पुराना दलहरूले आफ्ना परम्परागत समर्थकलाई मतदान केन्द्रसम्म सक्रिय रूपमा ल्याउन सकेनन् भने अप्रत्याशित नतिजा आउन सक्ने सम्भावना छ। त्यसैले यतिबेला कर्णालीमा चुनावी प्रतिस्पर्धा केवल नयाँ मत तान्नेभन्दा पनि आफ्नै आधार मत जोगाउने रणनीतिमा केन्द्रित देखिएको छ।

मत विभाजनले बढाएको चुनौती

तथ्यांकले देखाएअनुसार कर्णालीका अधिकांश जिल्लामा तीन प्रमुख दलबीच कडा प्रतिस्पर्धा रहँदै आएको छ। तर रास्वपा र राप्रपाजस्ता दलले केही हजार मत ल्याउन थालेपछि सानो मत विभाजनसमेत निर्णायक बन्न सक्ने अवस्था देखिएको छ।

पुराना दलहरूका लागि यस पटकको चुनाव केवल नयाँ मत तान्ने प्रतिस्पर्धा नभई आफ्नै आधार मत सुरक्षित राख्ने लडाइँ बनेको नागरिक समाजका राज बहादुर शाहीले बताए। संगठन सञ्जाल बलियो भए पनि मतदाताको मौनता र असन्तुष्टिले केही निर्वाचन क्षेत्रमा नतिजा अप्रत्याशित बन्न सक्ने उनको आकलन छ।

'यतिबेला कर्णालीका १० जिल्लामा दलहरू मतदाता भेटघाट, विकास एजेन्डा प्रस्तुत गर्ने र विगतका उपलब्धि सम्झाउने रणनीतिमा केन्द्रित छन्' उनले भने, 'तर अन्तिम परिणामले नै पुराना दलहरूले आफ्नो परम्परागत मत जोगाउन सके वा नसकेको स्पष्ट पार्नेछ।'

प्रतिनिधिसभा निर्वाचनका लागि कर्णाली प्रदेशका १२ निर्वाचन क्षेत्रमा कुल १३२ जना उम्मेदवार चुनावी मैदानमा उत्रिएका छन्। प्रदेशका हिमालीदेखि पहाडी जिल्लासम्म चुनावी माहोल तातेको छ, भने दलहरू घरदैलो, सभा-सम्मेलन र मतदाता भेटघाटमा व्यस्त बनेका छन्। यस निर्वाचनमा कांग्रेस, एमाले र नेकपाका उम्मेदवारहरूले अघिल्ला निर्वाचनमा जितेदै आएका क्षेत्रलाई पुनः सुरक्षित गर्ने रणनीति बनाएका छन्।

कर्णालीका केही निर्वाचन क्षेत्रमा यी दलको प्रभाव रहँदै आएको छ। ती क्षेत्रमा पुराना दलहरू आफ्नो संगठनात्मक संरचना, मतदातासँगको पुरानो सम्बन्ध र विगतका उपलब्धिलाई आधार बनाएर चुनाव जित्ने दाउमा छन्। तर यता रास्वपा लगायतका नयाँ दलहरूले वैकल्पिक राजनीति, सुशासन, पारदर्शिता र भ्रष्टाचार नियन्त्रणलाई मुख्य मुद्दा बनाएका छन्। उनीहरूले युवावर्ग, वैदेशिक रोजगारीबाट फर्किएका मतदाता र परिवर्तन चाहने वर्गलाई लक्षित गर्दै चुनावी अभियान तीव्र बनाएका हुन्। नयाँ दलहरूले पुराना दलप्रति बढ्दो असन्तुष्टिले नतिजा आफ्नो पक्षमा पार्न सकिने आकलन गरेका छन्।

सीपमा आधारित सिकाइ मेला सञ्चालन

❐ काँक्रेविहार संवाददाता
सुर्खेत, ८ फागुन

कर्णाली प्रदेशमै पहिलोपटक निजी क्षेत्रबाट सीपमा आधारित सिकाइ मेला सञ्चालन गरिएको छ। सुर्खेत वीरेन्द्रनगरस्थित सिद्ध पाइला विद्यालयले सीपमा आधारित सिकाइ मेला सञ्चालन गरेको हो। मेलामा विद्यालयले परम्परागत रूपमा सञ्चालनमा रहेका औजार प्रयोग गर्ने तरिका सिकाएको थियो।

सीपमा आधारित सिकाइ मेलामा खाना बनाउने तरिका तथा विभिन्न परम्परागत औजारको प्रयोग तथा प्रदर्शन गरिएको विद्यालयका प्रधानाध्यापक नैनसिंह खत्रीले बताए। उनका अनुसार लोप हुँदै गरेका सामग्रीद्वारा समाजमा भइरहेको विकासका विषयमा भौतिक सामग्रीको प्रस्तुतिबाट सिकाइ उपलब्धि हाँसिल गरिएको छ।

'मेलामा ढिकी, जाँतो, ठेकीमा मोही बनाउने तरिका, फलामका भाँडाकुँडा बनाउने तरिका र खानाका परिकार बनाउने विधि प्रयोगात्मक रूपमा प्रस्तुत गरिएको थियो' उनले भने, 'विद्यालयमा बनाएको परिकारको खरिद तथा बिक्रीसमेत गरिएको थियो। अर्ग्यानिक खाना निर्माण गरेर बिक्रीसमेत गरिएको छ।'

उनका अनुसार सेलरोटी, कोदाको रोटी, सिस्नु रोटी र आलुबाट निर्माण हुने परिकार बनाएको थियो। टपरीमा खाना बिक्री गर्नका लागि टपरी निर्माण गर्ने सीप सिकाइका साथै खाना टपरीमा बिक्री गरिएको छ। आधुनिक रूपमा प्रयोग हुने विभिन्न उपकरणसमेत प्रदर्शनी गरिएको छ।

कर्णालीमा उत्पादन हुने ओखर, स्याउ तथा अन्य दालजन्य वस्तुको बिक्री वितरण गर्न स्टल नै राखिएको थियो। उक्त कार्यक्रममा पाँच सयभन्दा बढी अभिभावक तथा बालबालिकाले सक्रिय रूपमा प्रयोगात्मक कार्यमा सहभागी हुनुका साथै आर्थिक रूपमा लाभ लिएको प्रधानाध्यापक खत्रीले बताए। यो कार्यक्रमबाट पढेर मात्र होइन, परेमा पनि धेरै कुरा सिक्न सकिन्छ भन्ने उदाहरण दिएको उनको भनाइ छ।

'प्रयोगात्मक रूपमा धेरै कुरा सिक्ने र जीवनलाई सरलीकृत गर्ने अभियानमा रहेका छौं। डिग्री पढेको भनी हामी जानकारी दिन्छौं तर खाना बनाउन पनि आउँदैन भने त्यो पढेको के अर्थ भयो' उनले भने।

दिगो वन व्यवस्थापन कार्यक्रम लागू

❐ काँक्रेविहार संवाददाता
सल्यान, ८ फागुन



कर्णाली प्रदेश सरकारको पहलमा जिल्लाका १६ वटा सामुदायिक वनमा दिगो वन व्यवस्थापन कार्यक्रम लागु भएको छ। सामुदायिक वनको संरक्षण, व्यवस्थापन र उपयोगलाई व्यवस्थित तथा प्रभावकारी बनाउने उद्देश्यले यो कार्यक्रम कार्यान्वयनमा ल्याइएको हो।

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले तयार पारेको कार्यविधि अनुसार कार्यक्रम सञ्चालन भइरहेको छ। कार्यक्रमको औपचारिक शुभारम्भ कालिमाटी गाउँपालिका-२ स्थित सगरमाथा सामुदायिक वनबाट गरिएको छ। कर्णाली प्रदेशका उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री सुरेश अधिकारीले सामुदायिक वनमा रहेका धेरै रुख अत्यधिक पुराना भइसकेका कारण कुहिने अवस्थामा पुगेको बताए।

'यसले गर्दा न उपभोक्ताले अपेक्षित लाभ लिन सकेका छन्। नत राज्यले आर्थिक आम्दानी गर्न सकेको छ' उनले भने 'रूख खेर जानु दुवै पक्षका लागि घाटाको बिषय हो। अब दिगो वन व्यवस्थापन मार्फत सय वर्षभन्दा पुराना रुखबाट पनि वैज्ञानिक रूपमा आर्थिक लाभ लिन सकिन्छ।'

मन्त्री अधिकारीका अनुसार पुराना र रोगग्रस्त रुखको व्यवस्थापन गरी नयाँ बिरुवा हुर्काउने वातावरण तयार गरिनेछ। जसले वनको पुनर्जनन प्रक्रियालाई मजबुत बनाउनेछ। डिभिजन वन कार्यालय सल्यानका प्रमुख टेकबहादुर रावलले प्रदेश सरकारले आवश्यक कार्यविधि निर्माण गरिसकेको जानकारी दिए। सोही कार्यविधि अनुसार यस वर्ष जिल्लाका १६ वटा सामुदायिक वनमा दिगो वन व्यवस्थापनको काम अघि बढाइएको उनले बताए।

रावलका अनुसार यस कार्यक्रमले वनको उत्पादनशीलता वृद्धि गर्ने, वनजन्य स्रोतको सदुपयोग सुनिश्चित गर्ने तथा स्थानीय समुदायलाई प्रत्यक्ष आर्थिक लाभ पुऱ्याउनेछ। यो कार्यक्रमबाट प्राप्त आम्दानी समुदाय विकासका गतिविधिमा खर्च गरिने अपेक्षा गरिएको छ।

यसैगरी सामुदायिक वन उपभोक्ता समूह सल्यानका अध्यक्ष पुरुषोत्तम भट्टराईले सामुदायिक वन समुदायको साझा सम्पत्ति भएकाले यसको संरक्षण, व्यवस्थापन र दिगो उपयोग अनिवार्य रहेको बताए। दिगो वन व्यवस्थापन कार्यक्रमले वर्तमान मात्र नभई भावी पुस्तालाई समेत दीर्घकालीन फाइदा पुग्ने उनको अपेक्षा छ।

निर्वाचनलाई वातावरणमैत्री बनाऔं।

- सभा, जुलुस, च्याली वा घरदैलोजस्ता कार्यक्रममा प्रयोग भएका सामग्रीको व्यवस्थापन गरौं।
- निर्वाचन प्रचारप्रसार कार्यक्रम गर्दा वातावरणमैत्री सामग्रीको प्रयोग गरौं।
- निर्वाचन प्रचारप्रसारमा आमसञ्चार तथा डिजिटल माध्यमलाई प्राथमिकता दिऔं।
- निर्वाचन प्रचारप्रसारमा सभा, जुलस वाऱ्यालीमा ध्वनि तथा वायु प्रदूषण न्यून गर्ने उपाय अपनाऔं।
- निर्वाचन प्रचारप्रसारमा प्लाष्टिकजन्य सामग्रीको प्रयोग नगरौं।
- निर्वाचनका समयमा विद्युतीय सवारीसाधनलाई प्राथमिकता दिऔं।
- निर्वाचनका समयमा पर्चा/पोष्टर टाँस्ने वा भित्तेलेखन जस्ता कार्य नगरौं/नगराऔं।
- निर्वाचनलाई स्वच्छ र मर्यादित बनाउन सहयोग गरौं।

हरित निर्वाचन अभियानलाई सफल पारौं।

नेपाल सरकार

विज्ञापन बोर्ड

सम्पादकीय

चुनावी घोषणापत्र वाचामै सीमित नहोस् !

प्रतिनिधिसभा निर्वाचन नजिकिँदै गर्दा प्रमुख राजनीतिक दलहरूले आफ्ना विस्तृत घोषणापत्र सार्वजनिक गरेका छन् । विहिबार एकै दिन नेपाली काँग्रेस, नेकपा एमाले र राष्ट्रिय स्वतन्त्र पार्टीले मतदातासामु आ-आफ्ना बाचापत्र सार्वजनिक गरे । सबै दलका घोषणापत्रमा आर्थिक, सामाजिक र पूर्वाधार विकासका महत्वाकांक्षी लक्ष्य समावेश गरिएका छन् । चुनावी प्रतिस्पर्धा जति तीव्र छ, घोषणापत्रका बाचा पनि उति नै आकर्षक र महत्वाकांक्षी देखिन्छन् । तर नागरिकको फेरि उही प्रश्न उठेको छ, यी बाचा कागजमै सीमित त हुँदैनन् ? काँग्रेसले पाँच वर्षभित्र अर्थतन्त्र ११५ खर्ब रूपैयाँ पुऱ्याउने, १५ लाख रोजगारी सिर्जना गर्ने, १४ हजार मेगावाट विद्युत् उत्पादन गर्ने र वार्षिक ३० लाख पर्यटक भित्र्याउने लक्ष्य अघि सारेको छ । निजी क्षेत्रको ८० प्रतिशत लगानीमा आधारित आर्थिक पुनरूत्थानको खाका प्रस्तुत गरिएको छ । कर छुट, सहुलियत ऋण, सूचना प्रविधिमा ठूलो निर्यात लक्ष्य र 'फाइल होइन, मोबाइल' जस्ता डिजिटल शासनका अवधारणाले आधुनिकताको संकेत गर्छन् ।

एमालेले 'समृद्ध नेपाल, सुखी नेपाली' नारा दोहोऱ्याउँदै पाँच वर्षमा अर्थतन्त्र १०० खर्ब र प्रतिव्यक्ति आय तीन हजार डलर पुऱ्याउने प्रतिबद्धता जनाएको छ । युवा लक्षित कार्यक्रम, सामाजिक सुरक्षा विस्तार, पूर्वाधार तीव्रता र रोजगारी सिर्जनाका योजनाले घोषणापत्र भरिएको छ । मध्यपहाडी, हुलाकी र मदन भण्डारी राजमार्गदेखि विद्युतीय रेलसम्मका महत्वाकांक्षी पूर्वाधार योजना पुनः दोहोरिएका छन् । यता रास्वपाले प्रविधि-आधारित अर्थतन्त्रको अवधारणा अघि सार्दै १०० अर्ब डलर जिडिपी, ३० अर्ब डलर आईटी निर्यात र पाँच लाख रोजगारी सिर्जनाको लक्ष्य प्रस्तुत गरेको छ । मन्त्रालय संख्या घटाउने, सम्पत्ति छानबिन, वित्तीय क्षेत्र सुधार र ऊर्जा व्यापार विस्तारजस्ता सुशासन र संरचनागत सुधारका एजेन्डाले रास्वपाको घोषणापत्र फरक देखिएको छ । यी तीनै दलका घोषणापत्र अध्ययन गर्दा समानता र प्रतिस्पर्धा दुवै स्पष्ट देखिन्छन् । उच्च आर्थिक वृद्धि, रोजगारी विस्तार, ऊर्जा उत्पादन, पर्यटन प्रवर्द्धन र डिजिटल रूपान्तरण सबैका प्राथमिकता हुन् । तर विगतका अनुभवले सिकाएको कुरा के हो भने घोषणापत्रमा लेखिएका अधिकांश प्रतिबद्धता कार्यान्वयनको कठोर परीक्षामा कमजोर साबित भएका छन् ।

नेपालमा चुनावपछि घोषणापत्रलाई नीतिगत दस्तावेजको रूपमा भन्दा राजनीतिक औपचारिकताको रूपमा लिने प्रवृत्ति बलियो छ । सरकार परिवर्तन, सत्ता समीकरण, बजेटीय सीमितता र प्रशासनिक कमजोरीका कारण महत्वाकांक्षी लक्ष्यहरू अधुरै रहन्छन् । परिणामस्वरूप मतदाता निराश हुन्छन् र राजनीति प्रति अविश्वास बढ्छ । यसपटक दलहरूले केवल लक्ष्य घोषणा गरेर मात्र होइन, ती लक्ष्य हासिल गर्ने यथार्थपरक आधार, चरणबद्ध कार्ययोजना र स्रोत सुनिश्चितताको स्पष्ट खाका पनि सार्वजनिक गर्नुपर्ने हो । १०० खर्बको अर्थतन्त्र वा लाखौं रोजगारी सिर्जना केवल नारा होइन, ठोस नीतिगत निर्णय, सुशासन, लगानीमैत्री वातावरण र राजनीतिक स्थायित्वको परिणाम हुनुपर्छ । मतदाताले पनि अब केवल आकर्षक बाचा र लोकप्रीय कार्यक्रम हेरेर निर्णय गर्ने होइन, कार्यान्वयनको विश्वसनीयता, विगतको प्रदर्शन र स्पष्ट नीतिगत प्रतिबद्धता मूल्यांकन गर्न आवश्यक छ । विकसित लोकतन्त्रमा घोषणापत्र नै दलको सामाजिक करार मानिन्छ, तर नेपालमा पनि यही संस्कार विकास हुन जरूरी छ । अन्यथा, प्रत्येक निर्वाचनमा दोहोरिने आकर्षक वाचा र त्यसपछि दोहोरिने निराशाको चक्रबाट मुलुक मुक्त हुन सक्दैन । त्यसैले कुनै एक दलको स्पष्ट बहुमत होस् वा कुनै दुई भन्दा बढि दल मिलेर सरकार बनाउन्, उनीहरूले चुनावी बाचापत्र बाचामै सीमित नराखुन ।



✍ कल्याण श्रेष्ठ, पूर्वप्रधानन्यायाधीश

"कसैले जितेर राष्ट्रलाई हराउनु हुँदैन"

पहिले गर्ने, पछि सोच्नाले देशलाई चौबाटोमा पुऱ्यायो

चुनाव सम्पन्न गर्न तीव्र गतिमा बढिरहेको माहोलबीच अन्यथा अभिव्यक्ति दिनु प्रजातान्त्रिक अभ्यासमा स्वीकार्य कुरा हुँदैन । निर्वाचनलाई कुनै रूपमा मार्गप्रशस्त गर्ने माध्यम बनाउनै पर्छ ।

अर्कोतिर यक्ष प्रश्न, यो निर्वाचनको उद्देश्य के हो ? यो निर्वाचनले के गर्दैछ ? निर्वाचनले २०८४ लाई ०८२ मा मात्रै ल्याएको छ कि त्यो भन्दा बढी गरेको छ ?

नेपाली जनताले चुनाव नदेखेका त होइनन्, सरकार पनि नदेखेका होइनन्, संविधान पनि नदेखेका होइनन् । सबै त देखेकै हुन् र भइरहेको पनि यही हो ।

त्यसकारण जे जस्तो भएको छ, त्यो यथास्थितिमै स्वीकार्ने हो भने यी परिवर्तन फेरि परिवर्तन नै होइनन् कि ? ती भ्रम हुन् कि सपना हुन् कि ? सपना मानिदिँदा क्षति वास्तविकतामा भएका छन् । होइन भन्ने हो भने त्यसको पुनर्निर्माण र दिगो समाधान फेरि अलिक टाढै छ कि ?

हामी छौं कता ? वास्तवमा हामी चुनाव हुनै लाग्दा पनि पनि चौरास्तामा उभिइरहेका छौं जस्तो लाग्छ मलाई । यो हामीबीचको गम्भीर परिस्थिति हो । हरेक नेपालीले आफ्नो अन्तरआत्मालाई बोल्न सक्ने हिम्मत भगवानले दिउन् भन्ने मलाई लाग्छ । हामी साँच्चै त बोल्छौं । साँचो बोल्ने कुराको कसम त खान्छौं तर, बोल्न फेरि अर्कै बोल्छौं जस्तो अवस्था छ ।

हामी त्यस्तो परिस्थितिमा छौं कि जस्तो मलाई पीडाबोध मलाई भइरहेको छ । अहिले धेरै कुराहरू आर्थिक, राजनीति, सुरक्षा, संवैधानिक लगायत कोणबाट हामीले हेरिसक्यौं । यसबाट बुझ्न नसकिने कुरा के हो भने हाम्रो आत्मविश्वास घटेको, आत्मविश्वास गुमेको छ ।

आत्मविश्वासका लागि नभइनहुने कुरा हो सुरक्षा । जबसम्म मान्छेलाई सुरक्षा अनुभूति हुँदैन, तबसम्म आत्मविश्वास भन्ने आउँदैन । आत्मविश्वास भएको कुरा व्यक्त गर्न फेरि अर्को सुरक्षा चाहिन्छ ।

त्यसकारण सुरक्षा पहिलो शर्त हो । सुरक्षा भन्नेबित्तिकै सेना र प्रहरीको मात्रै होइन, हामी आफैंले बोल्दा केही नोक्सान हुँदैन भन्ने सुरक्षा अझै धेरै ठूलो अनुभूति हो ।

अहिले हामी साँचो कुरा नबोल्ने स्थितिमा पुगेजस्तो लाग्छ, गर्नुपर्ने काम गर्न नसक्ने अवस्थामा पुगेको जस्तो छ । यस्तै भइरह्यो भने हामी बाँच्छौं कसरी ?

अहिलेचाहिँ हामी असफल प्रयोगशाला भयौं जस्तो भएको छ । २००७ सालदेखिको क्रान्ति हेर्यौं, ००७ साललाई ०१७ सालले, ०४६ साललाई ०६२ सालले, ०६२ साललाई ०७२ सालले, एकले अर्कोलाई असफल बनाउँदै गएको छ । एकपछि अर्को प्रणाली बिग्रँदै गएको छ ।

हामीले लडाइँ जितेर भएका राजा पनि देखेका हौं, त्यसपछि कोत पर्वबाट उदाएका जहाँनिया राणा प्रधानमन्त्री पनि हेरेका हौं । त्यसपछि सम्झौताबाट भएका प्रधानमन्त्री पनि हेरेकै हौं । संसदीय व्यवस्था पनि हेर्‍यौं, सुधारिएको संसद् पनि हेर्‍यौं ।

गणतन्त्रमा आइपुग्यौं, त्यो पनि हेर्‍यौं । तर, गतिलो कुरा हात लागेजस्तो अनुभूति भने भएन । हामीले फेरि फेरि अर्को गौंडा, फेरि अर्को गौंडा थपेको थप्ने छौं । हाम्रो गन्तव्य टुंगिएको छैन । अब त यहीं बसियो भनेजस्तो हाम्रो अवस्था भएन ।

जाँचबुझ आयोगको प्रतिवेदन पनि नआउने, संवैधानिक विवादको निरुपण पनि नहुने, यथास्थितिमा सबै थाती राखेर हामीले गर्न खोजेको के हो ? मध्यावधि निर्वाचन हो भने के कुराले मध्यावधिमा लान कुत्कुत्यायो ?

चुनाव हाम्रासामु छ, चुनावमा नजान पनि मिलेको छैन, चुनावको भर गर्न सकिएको पनि छैन । यो कस्तो प्रेम हो यो ? न अँगाल्न सकियो, न फाल्न सकियो । यो यस्तो अनौठो अवस्था हामीले व्यहोरिरहेका छौं । शासकीय अनुभवमा भन्दा यो धेरै ठूलो चुनौती हो ।

जेन-जी आन्दोलनको सन्दर्भमा कुरा गर्दा भदौ २३ गतेको ३ बजेसम्म युवा पुस्ताको सुधार र शुसासनको भावान सशक्त रूपमा थियो । त्यसपछि घटना भयो, त्यसको जिम्मेवारी लिनेले लिनुपर्छ । फेरि २४ गतेको घटना डरलाग्दो छ ।

अहिले भदौ २३ गतेका आन्दोलनकारी सडकमा नै छन् । त्यो पक्ष चुनावमा पनि छैन, त्यो सरकारमा पनि छैन, त्यो सडकमै छ । त्यसलाई सडकमै छाडेर भदौ २४ गतेको सेरोफेरो सरकारमा पनि पुग्यो, चुनावमा पनि छ, सबैतिर डर पनि छ ।

भदौ २३ र २४ बीचमा यति बुदियादी अन्तर छ, यसको जाँचबुझ भइरहेको छ । त्यो क्रिमिनलाइज पार्ट हो भने तत्कालीन क्रिमिनल कानुनले कारबाही गर्न के ले छेक्यो ? जाँचबुझ आयोगको बहानाले क्रिमिनल कानुन स्थगित हुँदैन । जाँचबुझ भनेको जाँचबुझ मात्रै हो । त्यो मुल्तवी हुँदैन ।

भदौ २३ र २४ को बीचमा के-के घटना भए, त्यसको जुन क्रिमिनल पार्ट छ, त्यो पार्ट असम्बोधित भएको अवस्थामा छ । त्यसलाई यथावत राख्न खोजेको कारण के हो ? निर्वाचनलाई मार्गप्रशस्त गर्न खोजेको हो ? त्यसकारण भदौ २३ र २४ को बीचमा धेरै ठूलो अन्तर परेको छ ।

जाँचबुझ आयोग गठन भएको छ, त्यस आयोगले प्रतिवेदन देला । कहिले देला, त्यसको सान्दर्भिकता छ । यदि क्रिमिनल कानुन कार्यान्वयन नगर्ने भए पहिलो प्राथमिकतामा जाँचबुझ आयोगको रिपार्ट आउनुपर्थ्यो, त्यसको कार्यान्वयनको बाटो तय हुनुपर्थ्यो । २४ गते उप्रान्तको पाटोमा सरकार गठन भएको छ, भदौ २७ गते संसद् विघटन भएको छ । यी संवैधानिक प्रश्नका रूपमा विचाराधीन छन् ।

जाँचबुझ आयोगको प्रतिवेदन पनि नआउने, संवैधानिक विवादको निरुपण पनि नहुने, यथास्थितिमा सबै थाती राखेर हामीले गर्न खोजेको के हो ? मध्यावधि निर्वाचन हो भने के कुराले मध्यावधिमा लान कुत्कुत्यायो ?

जाँचबुझ आयोगको रिपोर्टबाट पनि बुझ्न सकिएन, यसको वैधताको परीक्षण भएको सुन्न पाइएन । विचाराधीन रहे पनि मुद्दा त छिन्नै पर्ने हुन्छ, त्यसलाई प्रभावित गर्ने कुरा पनि भएन । तर, राष्ट्रपति र प्रधानमन्त्रीले गरेका जुन निर्णय हुन्, तिनको वैधानिकतामा प्रश्न उठिसकेपछि अविलम्ब निराकरण गरेर निर्वाचन र अन्य प्रक्रिया अघि बढ्नुपर्ने हो नि ।

विवाद समाधान पछि-पछि र निर्वाचन अघि भनेको के ? यो के हो ? बुझ्न सकेको छैन । निर्णय हुन नसक्ने कारण केही छैन, कारण छैन भने निर्णय हुनुपर्छ होला । लजिकल फ्रेममा कुरा गर्दा विवाद टुंगिएपछि निर्वाचन हो कि कुन राजनीतिक प्रक्रिया हो, त्यो गर्ने होला ।

तर, के हो भने हामीले २३ गते र २४ गतेको सम्बन्धलाई राम्रोसँग कोर्नुपर्छ । हाम्रोजस्तो मुलुकमा यति महँगो चुनाव गरिसकेपछि त्यो चुनावको उप्रान्त हामीले शंका गरेको जस्तो भरोसा लाग्दो संसद् त आउनुपर्यो नि ।

सामान्य ढंगले भन्दा पहिलो सोच्ने, पछि गर्ने हो । गरिसकेपछि पछुताउने होइन । तर, मैले के देखिरहेको छु भने गर्ने अगाडि, सोच्ने पछाडि भइरहेको छ । त्यस्तो गर्नु हुँदैन, हामी सभ्य समाजमा छौं । हामी प्रजातन्त्रको अभ्यास गर्दै नगरेको मुलुकका त होइनौं । ७/७ वटा संविधान मुलुकले देखेको छ । हामीसँग यति धेरै अभ्यास छ, अनुभव छ, तर, त्यसका बावजुद कहिल्यै नदेखेको जस्तो गर्दैछौं, कहिल्यै नभोगेको जस्तो गर्दैछौं ।

त्यसकारण मनमा प्रश्न उब्जिएको छ, यो क्रम उल्टो पर्यो कि सुल्टो पर्यो ? एकपछि दुई गर्ने कि, दुईपछि एक गर्ने भन्ने लागिरहेको छ । यस्तो नभइदिएको भए हुन्थ्यो भन्ने लाग्थ्यो । यसको अर्थ आसन्न निर्वाचनलाई शुभकाना दिन म पछि पर्न सक्दिनँ ।

तर, के हो भने हामीले २३ गते र २४ गतेको सम्बन्धलाई राम्रोसँग कोर्नुपर्छ । हाम्रोजस्तो मुलुकमा यति महँगो चुनाव गरिसकेपछि त्यो चुनावको उप्रान्त हामीले शंका गरेको जस्तो भरोसा लाग्दो संसद् त आउनुपर्यो नि ।

यदि संविधानमा समस्या हो भने संविधान संशोधनको एउटा भरपर्दो आश्वासन त प्राप्त गर्न सक्न पर्यो नि । शुसासन आउन सक्ने अवस्था त हुनुपर्यो नि । यो चुनावै नदेखेको जस्तो चुनाव त होइन नि । यो राष्ट्रिय चुनाव हो, राष्ट्रिय विवाद समाधानको केन्द्र हुनुपर्छ, राष्ट्रिय सहमति निर्माण गर्ने माध्यम हुनुपर्छ । जनताको आकांक्षा र आशाको प्रतिनिधित्व गर्ने माध्यम हुनुपर्छ । आशा गर्ने लजिकल कारण त देखिनुपर्यो नि ।

यसमा हामीले भोगेका समस्या छन्, हाम्रा आफ्ना समस्या पनि छन् । हाम्रो विवेकका पनि समस्या छन्, जनताको स्तरका पनि समस्या छन् । त्यसका अतिरिक्त शासकीय कुरा गर्दा संविधानका समस्या धेरै छन् ।

संविधानमा राम्रो त लेखियो तर, राम्रो रूपान्तरण भएन । रूपान्तरण नहुनु आफैं संविधानको त्रुटी हो । रूपान्तरण हुने भए भैहाल्थ्यो । नेताले चुनाव हुने र मन्त्री हुने प्रणाली त रूपान्तरण भएकै छ त । चुनाव त समय समयमा भएकै छ । चुनाव गर्नको लागि पैसा भएन भनेर रोकिएको त छैन । जनताको काम न नभएको हो ।

राजनीतिक विषय समय-समयमा कार्यान्वयन भएकै छन्, बाँकी जनताका सामाजिक सांस्कृतिक विकासका कुराहरू हो कार्यान्वयन नभएको । त्यो कार्यान्वयन नभएको किन ? संविधानमा केही राम्रा उद्देश्यका अतिरिक्त यसका संरचनात्क, प्रक्रियात्मक, संस्थागत, समन्वयात्मक लगायतका समस्या छन् ।

जेनजीवाला न चुनावमा भाग लिँदैछन्, न राजनीतिक दल छन्, उनको प्रतिनिधित्व गर्यो कसले ? जेनजीको सरकार भन्छ जेनजीको कोही देखिँदैन । यस्तो विरोधाभाषपूर्ण अवस्थामा हामीले देशलाई कता लैजाँदै छौं ?

जस्तो, संघीयता अन्तर्गत प्रदेशको मन्त्रीमण्डल गठन र विघटन हेर्यो भने उदेक लाग्दो छ । प्रदेशहरू किन क्रियाशील छैनन् ? तल स्थानीय सरकारले टेर्दैन, संघीय सरकारले सुन्दैन । बीचमा बसेको छ, अपर्याप्त स्रोत साधन छ, अस्पष्ट शक्ति विभाजन छ । यो केन्द्रीयतामुखी संघीयता हो । भन्नाले संघीयता सक्कली होइन । केन्द्रको अधिकार सबै सुरक्षित राखेर संघीयता भनेको छ ।

सरकारको गठनमा समस्या छ, संसदको कार्यप्रणालीमा समस्या छ, संवैधानिक नियुक्तिहरूमा समस्या छ, त्यसका असरहरू कहिँ न कहिँ देखा परेकै छ ।

यी सबै कुल मिलाएर संवैधानिक प्रणाली जसप्रति हामी नतमस्तक भएर सम्मान व्यक्त गर्न चाहन्छौं, त्यसले नतिजा दिन सकिरहेको छैन । त्यसको फल जेनजी पुस्ताले भनेजस्तै सुशासन भएन । सुशासन आकाशबाट आउने त होइन, संविधानको, कानुनको, शासकीय प्रवन्धको राम्रोसँग कार्यान्वयन भएपछि न सुशासन आउँछ । त्यसकारण, यसको सम्बोधन सजिलोसँग हुन सक्दैन ।

जेनजीवाला न चुनावमा भाग लिँदैछन्, न राजनीतिक दल छन्, उनको प्रतिनिधित्व गर्यो कसले ? जेनजीको सरकार भन्छ जेनजीको कोही देखिँदैन । यस्तो विरोधाभाषपूर्ण अवस्थामा हामीले देशलाई कता लैजाँदै छौं ? आशा गर्दा खेरि आसन्न चुनावमा हामीले शंका गरेका कुराहरू गलत हुनुहँदैन ।

नेपाली जनताले परिणाम चाहेका छन् । चाहे अर्थतन्त्रमा होस् चाहे शासकीय व्यवस्थामा होस्, चाहे संवैधानिक सुधारमा होस् । नेपाली जनतालाई सुधार चाहिएको छ, सबैभन्दा बढी यो राष्ट्रको संरक्षण चाहिएको छ ।

जुन निर्वाचन हुँदैछ, त्यो अगाडि बढेर सफल भएको मान्दा भोलिको दिनमा कुनै बहानाबाजी सुन्नु हुँदैन । हामीले जनताको सहमतिको आधारमा आवश्यक र पर्याप्त संविधानको संशोधन गर्नसक्छु भनेर अठोट व्यक्त गरोस् । तर, अहिलेसम्म कुनै नेता वा दलले भने सो कुरा भनेको छैन ।

हामी बहुदलीय निर्दलय प्रणाली हुँदै गएका छौं । निर्दलीयताबाट छलाङ मारेर बहुदलीयमा आएको हो, तर सिद्धान्तहीन गठजोड गर्ने, व्यक्तिगत चुनाव लड्ने हो भने कता-कता हाम्रो बहुदलीयतामा निर्दलीयता पनपनीरहेको पो छ कि ? यसलाई खतरको रूपमा बुझ्ने कि अवसरको रूपमा बुझ्ने ? यो एउटा डरलाग्दो परिस्थिति निर्माण भएको छ ।

हामीलाई यो राष्ट्र प्यारो छ, यो राष्ट्र जोगिनुपर्छ । यसलाई हदैसम्मको समझदारी, सौहार्दता, स्वीकार्यता हामीले देखाउनुपर्छ । यही कुराको अभाव हामीसँग भइरहेको जस्तो लाग्छ ।

मनोरञ्जन

यशको "टक्सिक" टिजरले मच्चायो तहल्का

कन्नड सुपरस्टार यशको बहुप्रतिक्षित चलचित्र 'टक्सिक' को टिजर सार्वजनिक भएको छ । शुक्रबार सार्वजनिक गरिएको यस टिजरले इन्टरनेटमा सनसनी मच्चाएको छ भने यशका प्रशंसकहरूले यसलाई ' ब्लकबस्टर' को सङ्केत भन्दै स्वागत गरेका छन् ।

टिजरमा यशलाई 'राया' को भूमिकामा देखाइएको छ, जो निकै आक्रामक र विद्रोही स्वभावको देखिन्छन् । टिजरको सुरुवात अँध्यारो र रहस्यमयी दृश्यहरूबाट हुन्छ, जहाँ रायालाई शत्रुहरू खतरनाक भएको चेतावनी दिइन्छ ।

तर, रायाले पछि हट्न अस्वीकार गर्दै 'मैले खेल सकियो भनेपछि मात्र सकिन्छ' भन्ने संवाद मार्फत आफ्नो शक्ति प्रदर्शन गरेका छन् । टिजरमा क्रूर र हिंसात्मक एक्सन दृश्यहरू समावेश छन्, जसले चलचित्रको



नाम जस्तै यसको कथावस्तु पनि निकै 'टक्सिक' र कठोर हुने सङ्केत गर्छ ।

ीबहरू कगलचष्कभ दबलप

यस चलचित्रमा मलयालम स्टार टोभिनो थोमस मुख्य खलनायकको भूमिकामा देखिएका छन् । टिजरको अन्त्यतिर उनले यशलाई चुनौती दिँदै 'आइ एम होम, ड्याडी!' भनिरहेको देखिन्छ ।

गीतू मोहनदासले निर्देशन गरेको यस चलचित्रमा नयनतारा, हुमा कुरैसी, कियारा आडवाणी, तारा सुतारिया र रुक्मिणी वसन्त जस्ता हस्तीहरूको अभिनय रहेको छ । चलचित्र कन्नड र अङ्ग्रेजीमा खिचिएको भए पनि हिन्दी, तेलुगु, तमिल र मलयालम भाषामा समेत प्रदर्शन हुनेछ ।

'टक्सिक' आगामी मार्च १९ मा विश्वभर प्रदर्शनमा आउँदैछ । रोचक कुरा त के छ भने, सोही दिन अर्को ठुलो चलचित्र 'धुरन्धर' पनि प्रदर्शन हुने तयारीमा छ ।

जीवनशैली

कुकुरहरू हटाउने निर्णय रोकी मानवीय व्यवस्थापन गर्ने

सिंहदरबार परिसरबाट रैथाने कुकुरहरू हटाउने निर्णय रोकी मानवीय व्यवस्थापन गर्ने प्रतिबद्धता जनाइएको छ ।

त्यहाँ कार्यरत अधिकृतलाई 'कुकुरले टोकेको' भन्दै मुख्यसचिव सुमनराज अर्यालको नेतृत्वमा महानगरसँग समन्वय गरी कुकुरहरू हटाउने तयारी भएको थियो । तर, पशु अधिकारकर्मीहरूले यो निर्णय अमानवीय, अव्यवहारिक र कानुनविपरीत भएको भन्दै विरोध जनाएपछि निर्णय परिवर्तन भएको हो ।

पशुअधिकारकर्मी विना पन्तका अनुसार मुख्यमन्त्री तथा गृह मन्त्रालयमा भएको छलफलमा सामुदायिक कुकुरहरूलाई सिंहदरबारबाट नउठाउने विषयमा मानवीय व्यवस्थापनका लागि आवेदन दिइएको थियो ।

उनले भनिन् 'गृह सचिवले यस निर्णयलाई रोक्ने प्रतिबद्धता जनाएका छन् भने उनका पीएले कुकुरलाई खाना खुवाउनका लागि पासको व्यवस्था गर्ने बताएका छन् ।' टोक्ने प्रवृत्तिका कुकुरहरूलाई भने आफ्नो सेल्टरमा लैजाने र मानिसप्रति माया गर्ने कुकुरहरूलाई



परिसरमै राख्ने कुरा भएको विनाले जानकारी दिइन् । 'गृह मन्त्रालयका सचिवले पनि सिंहदरबारबाट कुकुर नहटाउने स्पष्ट धारणा राखेका छन्' उनले भनिन् ।

पशु अधिकारकर्मी लक्ष्मी खत्री, सुशिला सुब्बा लगायतले यसलाई सकारात्मक कदमको रूपमा लिएका छन् । उनीहरूका अनुसार सिंहदरबारमा रहेका करिब १५० रैथाने कुकुरहरूमध्ये धेरैजसो बन्ध्याकरण गरिएको छ । सुत्केरी तथा अपांगलाई जन्मेको ठाउँबाट विस्थापित गर्नु कानुनविपरीत र जोखिमपूर्ण हुन्छ । 'क्याप्चर-न्युटर-भ्याक्सिन-रिलिज' मोडललाई नै निरन्तरता दिनुपर्छ भन्ने उनीहरूको माग छ । यो निर्णयले सिंहदरबारलाई पशुअनुकूल र मानवीय व्यवस्थापनको नमुना बनाउने अवसर प्रदान गरेको अभियन्ताहरूले बताएका छन् । सरकारी निकायहरूबाट बजेट छुट्याएर खाना, पानी, स्वास्थ्य र बन्ध्याकरणको व्यवस्था गर्न सकिने उनीहरूको सुझाव छ ।

एक महिनाको पास व्यवस्थापछि पनि स्थिति कायम रहने वा थप कदम चालिने भन्ने विषयमा निरन्तर अनुगमन आवश्यक छ । पशु अधिकारकर्मीहरूले यसलाई सफल बनाउन सरकारी सहयोगको अपेक्षा गरेका छन् ।



✍ खेमराज पोखरेल

कथा
लासाधिपति

आँखा चिम्म गरेर धुप हातमा लिएर ऊ प्रार्थना गर्न थाल्यो "हे महाप्रभु ! हे लासाधिपति ! हे मृत्युका देवता ! हे शवभक्षक, तन्त्रमन्त्रका ज्ञाता, शारीरिक क्रियाका चमत्कारी प्रभु, यो मसाने आत्माको स्तुतिदेखि खुशी हुनुहोस् र दर्शन दिनुहोस् । मेरो चित्त एकदम अशान्त भएको छ, त्यसको निर्य्यौल गरिदिनु होस् ।"

त्यो चकमन्न रातमा बागमती सुस्तरी र कनकनी बगेको आवाज आउँथ्यो । घाटबाट आउने धुवाँमा शवगन्ध अझै हराइसकेको थिएन । बागमतीबाट बगेको चिसोचिसो हावामा पनि मानवभष्म र ढल मिसिएर गन्हाउँथ्यो । आर्यघाट पारि वनकालीमा राँके भूत हिँडेको जस्तो लाग्थ्यो । पशुपति परिसरमा सबै सुतेका थिए । सायद भगवान् पशुपति पनि घोर निद्रामा थिए होलान् । पशुपतिका वृद्धाश्रमबाट वृद्धहरूले खोकेका आवाज भने सुनिन्थ्यो । सारमा निरव थियो वातावरण ।

उसको स्तुति सुनेर पशुपतिको आर्यघाटे ढुङ्गा हल्लिन थाल्यो र त्यहाँ मनुष्याकारमा मृत्युका देवता प्रकट भए । उनका आँखा गाँजा सेवनका कारणले गर्दा राता राता देखिन्थे । शवभष्म शरीरभरि दलेका थिए । अर्द्ध नाङ्गै थिए । गलामा मानव टाउकोको माला लगाएका थिए । हातमा मद्यपात्र बोकेका थिए । उनीसँग एक सुकन्या पनि थिइन् । सुकन्याले कालो मिनी स्कर्ट लगाएकी थिइन् । भष्म लेपन गरेकी थिइन् । भष्मभित्र पनि उनको बैँस मुखरित भएको देखिन्थ्यो ।

मृत्युको देवताले उसलाई सोधे "तिमी को हौ ?, यस्तो चकमन्न रातमा मसानको राज्यसत्ता भएको बेला किन यहाँ आयौ ? किन मेरो आराधना गर्यौ ? यो मसानघारीमा म तिमीलाई के सेवा गर्न सक्छु ?"

उसले डराइ डराइ भन्यो "हे महाप्रभु ! म मानिसको आत्मा .....।"

लासाधिपतिले भने "म महाप्रभु होइन । म नेपाल मण्डलको लासाधिपति तथा मृत्युको देवता हुँ । मलाई थाहा छ, तिमी मानिसको आत्मा हौ । मसानको शक्ति हौ । त्रिकालदर्शी हौ । कथित सर्व विषय विज्ञ हौ । किनभने तिमीले आफ्नो शरीरमा शक्तिशाली मसान साधेर त्यसैको बुइ चढी यहाँ आएका हौ । तिमीसँग ज्ञान भए पनि नभए पनि भूत, वर्तमान, भविष्यका बारेमा जान्ने कहलिएका छौ । तिमीसँग दुरदर्शन यन्त्र छ । त्यसमा क्यामरा जडान गरिएको छ । त्यसले अडियो भिजुअल बनाउन सक्छ । तिमी भित्रको त्यो मसानी आत्मा नेपालमण्डलको मरेको पत्रकारको हो । अब अरू कुरातिर नअल्मलिइ खाँटी कुरातिर नै प्रवेश गर ।"

उसको हातमा अगरबत्ती बलि नै रहेको थियो । यही मौका छोपेर उसले सोध्यो "स्वर्गका राजा ईन्द्रले मलाई 'नेपाल मण्डलमा अन्यायले बास गऱ्यो, त्यसको अवस्था ज्ञात गराऊ' भनेर यता पठाएका हुन् । यहाँ आएर त म देख्दै छु कि मानिसभन्दा लास धेरै रहेछन् । कोही बाँच्दा बाँच्दै पनि लास भएका रहेछन् । लासका भोका मानिसहरू धेरै रहेछन् । यसको कारण के हो लासाधिपति ?"

लासाधिपति गलल हाँसे । उनको त्यो हाँसो बनकालीभरि फैलियो । उनको त्यो अट्टहास सुनेर त्यो क्षेत्रका ढुङ्गाभित्र लुकेका लासभक्षक देवीदेवताहरू टुप्लुक्क आइपुगे । यसपछि लासाधिपति बोले "त्यो ईन्द्रलाई पनि कति कुरा चाहिन्छ । स्वर्ग उसैलाई दिएको छ । कल्पवृक्ष उसैसँग छ । जिउँदाजाग्दा सुन्दरी अप्सरा उसैसँग छन् । मानव आत्मा उडेर उहीं पुग्छ । आत्माबिनाको लासको पनि किन हिसाब चाहिएको होला त्यो ईन्द्रेलाई ?"

उसले भन्यो, "जनि गर्नु होस हे लासाधिपति ! फेरि मैले इन्द्रको काम फत्ते पारिनँ भने स्वर्गमा पनि बस्न पाउन्न, मर्त्यमण्डललाई छोडिसकैं । न ओल्लो घाट हुन्छु न पल्लो तिर । बिल्लिबाट हुन्छ मेरो । कृपा गरी लाससत्ताको गोप्य कुरा मलाई बताइदिनुहोस् ।"

लासाधिपतिका आसन अगाडि लासभक्षक देवीदेवता लासको याचक जस्तै भएर भुइँमा टुक्रुक्क बसे । ऊ आफ्नो यन्त्र यताउता घुमाउन थाल्यो । यसपछि लासाधिपतिले उसलाई भने "हे मसाने मनुष्य ! मलाई थाहा छ, अब तिमीलाई एउटा अन्तर्वार्ता चाहिएको छ । युट्युबमा भाइरल हुने मन छ तिमीलाई । अरू भौतिक/अभौतिक, नैतिक/अनैतिक कुनै कुराको फिकर छैन । तिमीलाई उट्पट्याङ निउज बनाएर भए पनि भिउज चाहिएको छ । गन्दा भए पनि धन्दा चलाउनु छ । ल सोध, के सोध्नु छ ?"

ऊ सोध्न थाल्यो "नेपाल मण्डलमा त मानिसको होइन, लासको हालीमुहाली भएछ । यसको कारण के होला प्रभु ?"

लासाधिपतिले उत्तर दिन थाले "हे मसाने मनुष्य ! तिमी पहिले शास्त्रको ज्ञान हासिल गर । श्वेताम्वर उपनिषदको अध्ययन गर । त्यहाँ शिवको रूप हेर । शवभक्षक शिव पाउँछौ । अनि बल्ल थाहा पाउँछौ यो संसारमा किन लासको हालीमुहाली छ भनेर । मानिस आफैं पनि सास फेर्दै गरेको लास त हो । लासैलास भएपछि शासन चलाउन पनि त लासाधिपति नै चाहियो नि ! होइन र ?"

उसले नडराइकन सोध्यो "हे लासाधिपति ! हजुरको आँतबाट विदेशी विदेशी गन्ध आयो । यो कुरा साँचो हो कि होइन ?"

लासाधिपति गम्भीर देखिए र उत्तर दिन थाले "मरिजाने जिन्दगीमा के स्वदेशी ? के विदेशी ? के परछिमेकी ? महाप्रभुको कृपा हो यो संसार । तिमी पत्रुकार किन गन्ध सुँघेर हिँड्छौ ? सक्छौ भने मानिसलाई गुमराहमा नराखी हाकाहाकी सत्य कुरा लेख न !"

उसले फेरि परम्परिक प्रश्न सोध्यो "नेपाल मण्डल त शान्ति प्रिय देश, बुद्धको देश हो । किन यस्तो अशान्ति भयो ?"

लासाधिपतिले भने "त्यो नेपालको आन्तरिक समस्या हो । फेरि बुद्धलाई एउटा देशको भनेर साँघुऱ्याउने कुरा गर्न कहाँ मिल्छ ?"

उसले प्रश्न सोध्यो "हे लासाधिपति महाराज ! हजुर पञ्चमकारको साधक हुनुहुन्छ भन्ने चर्चा नेपाल मण्डलभरि छ । नेपाल मण्डलमा मात्र होइन, स्वर्गमा पनि यो कुराको चर्चा छ । के यो सत्य हो ?"

लासाधिपतिले छालाको मद्यपात्रबाट मदिरापानी पिए । आङ ताने अनि भने "यो पृथ्वीमा नेपाल मण्डलजस्तो पञ्चमकारको लागि उपयुक्त ठाउँ अन्यत्र छैन । मद्य अर्थात् मदिरा, मांस, मत्स्य, मुद्रा र मैथुनको साधना गर्नु पञ्चमकार हो । पञ्चमकारको साधना गर्नु भनेको भगवान् शिवमा एकाकार हुनु हो । यस्तो पवित्र कार्य गर्न ठुलो साधना चाहिन्छ । लरतरो मानिसले पञ्चमकारको साधना गर्न कहाँ सक्छ र ? त्यसैले तिमीले सुनेको कुरा सत्य हुन् ।"

उसले फेरि प्रश्न गऱ्यो, "हे लासाधिपति ! नेपाल मण्डल त भौगोलिक रूपले सानो देश हो । यहाँ पञ्चमकारका तत्वहरूको सहज आपूर्ति हुन सक्छ र ?"

यो पल्ट लासाधिपति मुसुक्क हाँसे । सँगै रहेकी सुन्दरीलाई अँगाले अनि भने "नेपालमण्डलमा घरैघरमा उत्पादनालय भएपछि मदिराको दुःख हुने सम्भावना नै छैन । हामीलाई चाहिने मावनशव पनि यही भूगोलको उपयुक्त छ । किनकि एकातिर नेपालीहरू मर्नका लागि काल पर्खँदैनन्, अर्कोतिर शीत, समशीतोष्ण तथा उष्ण जलबायु खेपेका जब्बर मानवशव पनि यही नेपाल मण्डलमा त छ । सजिलो छ कि यो मण्डलका मानिसहरू जानी जानी अकालमै आफैं मर्छन् । नरशवका अगाडि मत्स्य त्यति गतिलो मानिँदैन । त्यसै पनि नेपालमण्डलमा ताजा मत्स्यभन्दा बरफमा हालेर ल्याएका र कुहेका मत्स्यको नै महत्त्व छ । मुद्रा भनेको अन्नपात हो । हिमालयदेखि समथलसम्म जग्गाजिमिन भएको कृषिप्रधान देश नेपाल मण्डलमा मुद्रा अर्थात् अन्नको कमी हुने सम्भावना नै होइन । तर विगत केही वर्षदेखि भदखोस लागेर होला कृषक कृषिकारी गर्न छोडेर कतारमा पुगी भेडा चराउन थाले । ऊँटको लादी साहोर्न थाले । त्यसपछि भने मुद्रा कम हुन थालेको छ । तर के फिकर भयो र ? यो संसार नै एउटा गाउँ भएपछि मुद्रा छिमेकीबाट आइहाल्छ । यसले पनि हामीलाई कुनै फरक पर्दैन ।

अब कुरा रह्यो मैथुनको । नेपाल मण्डल पहिलेदेखि ने मैथुनका लागि प्रख्यात छ । महादेवले भेष बदली बदली पार्टनर फेरिफेरि मैथुन गर्थे । वर्तमानमा पनि भारतको विभिन्न शहरदेखि खाडी मुलुकसम्म नेपाली मैथुनमा प्रयुक्त छन् भने नेपालमै खाँचो हुने कुरा भएन । त्यसै पनि मैथुन जीवनको महत्त्वपूर्ण पाटो हो । वाल ब्रह्मचारी शंकराचार्यले पनि मृत राजाको शरीरमा प्रवेश गरी रानीहरूसँग सम्भोग गरी मैथुन ज्ञान पाएका थिए । हामीलाई मैथुनको पनि खाँचो छैन । जिउँदी महिलालाई हामी महिनाबारी भएको बेलामा सम्भोग गर्छौं । महिलाका शवमा पनि हामी मैथुन क्रिया गर्छौं । आपूर्ति एकदम सहज छ । यसमा तिमीलाई के को आपत्ति र ?"

यसै बिच लासाधिपतिसँग रहेकी महिला बोलिन् "लासाधिपति ! यहाँनेर मेरो चित्त दुखाइ छ । महिला शवमा त पुरुषले मैथुन गर्न सहज छ । तर पुरुष शवमा महिलाले कसरी सम्भोग गर्ने ? फेरि पुरुषको त महिनावारी पनि हुन्न, अनि हामी श्वेताम्वर महिलाले आफ्नो इच्छाले कति बेला सम्भोग गर्ने ? हामी महिलाले महिनावारी भएको छ भन्न पनि नपाउने, मरेपछि लास भएकी छु पनि भन्न नपाउने पुरुषले सम्भोग गर्ने अनि महिलाले चाहिँ आफ्ना आवश्यकतामा सम्भोग गर्नु पर्दैन ? कि मैथुन भन्नु पुरुषको लागि मात्र हो ? प्रकृतिले के यस्तै नियम बनाएको छ र ? मृत्यु जस्तो परमसत्यमा पनि किन यो विभेद, अन्याय, अत्याचार ?"

महाप्रभु लासाधिपतिसँग यो कुराको कुनै जबाफ थिएन । त्यसैले उनले ती महिलालाई अलि रिसाएको अन्दाजमा कानैमा भने "तिमीलाई पनि यही बेला प्रश्न उठाउनु पर्छ ? यसका बारेमा सोच्दै गरौंला ।"

लासाधिपतिको रौद्र रूप देखेपछि महिला चुप लागिन् ।

आर्यघाट पारिपट्टि कल्याङ मल्याङ शुरु भयो । चराहरू चिरबिर गर्न थाले । मानव पदचाप सुनिन थाल्यो । उसले घडी हेऱ्यो । बिहानको तीन बजेको छ । अब यसपछि त पशुपतिका दर्शनमा मानिसहरू आइहाल्छन् । त्यसैले अन्तर्वाताको काम सकिहाल्नु छ ।

यत्तिकैमा घाटपारिबाट लासभक्षक देवता कराए "लासाधिपति ! केही दिनदेखि यो आर्यघाटमा आएका असल लासलाई हजुरले एकलौटी पार्नाले हामी लासयाचक देवतालाई लासको कमी भयो । लास वितरणको समानुपातिक व्यवस्था गरियोस् ।"

यो कुरा सुनेर अन्तर्वार्ता कै बिचमा ठूलो स्वरले लासाधिपति चिच्याए, "ए लासको ठेकेदार, तिमीहरूलाई थाहा छैन ! आर्यघाटमा सधैं लास प्राप्त हुनुपर्छ भन्ने कुरा । आर्यघाटका वरिपरि लासभक्षण गर्ने देवता बसेका छन् । ती रिसाए भने नेपालमण्डलमा अनिष्ट हुन्छ । लास नआएको दिनमा कुशलाई दागबत्ती दिने त चलन छ, तर मैले के खाने ? लासभक्षक देवतालाई के खुवाउने ? कुशको धुवाँ ? तिमीहरू कर्तव्यच्यूत हुँदै गएका छौ । लासलाई नियमित आपूर्ति गर्न सकेनौ भने म ठेकेदार फेरि दिन्छु । नत्र म कतिन्जेल भोकै बस्ने ? यी लासभक्षक देवीदेवतालाई कति दिन भोकै राख्ने हँ ?"

ठेकेदारलाई हकारेपछि लासाधिपति अलि शान्त देखिए । थोरै मद्य पिए । अनि उसलाई भने, "तिम्रो प्रश्न सकियो कि छ ?, छ भने छिटो सोधिहाल ।"

उसले हतार हतार नरम प्रश्न सोध्यो "हे लासाधिपति ! नेपाल मण्डलमा हजुरको दिनचर्या कसरी बित्छ ?

लासाधिपतिले अलि शान्त हुँदै उत्तर दिए "नेपालमण्डलमा सहयोग स्वरूप मलाई लासाधिपति नियुक्त गरेका हुन् । ममाथि पनि कोही छ । कोही भनेको महाप्रभु हो । महाप्रभुको आदेशको तामेली गर्नु पर्छ मैले । त्यसैले गरिएको व्यवस्थाअनुसार म दिनभर पशुपतिको साँढेसँग जिस्किएर बस्छु । रतिमैथुनका लागि यी सुन्दरी पनि छिन् । रातिको लागि त्रयम्बेकेश्वर मन्दिरको क्वार्टरमा जान्छु । खान्गीका लागि मानव शवको व्यवस्था छ । मानव शवमा मेरो एकाधिकार छ । यही व्यवस्था मिलाउन प्रशासन चलाउँदा चलाउँदै दिनचर्या बितिहाल्छ नि ।"

आर्यघाटको पारिपट्टिबाट एक हुल जिउँदा मानिस आए । यो देखेर लासाधिपतिले ठेकेदारलाई कराए, "को हुन् तिनी ? किन जिउँदै मसमक्ष आएका हुन् ?"

कोही बोलेकै थिएन । त्यसै हुल मध्येको एक जनाले अर्जी गऱ्यो, "हे लासाधिपति ! हामी पीडित नेपाली जनता हौं । हाम्रा छोराछोरीको लासको मुआब्जा बुझ्न आएका हौं । पर्खेर बसेका छौं । पखिँदा पखिँदै कतिपय सगल्तो मान्छे लास भइसके । तर पनि हामीले लासको मुआब्जा पाएका छैनौं । सोही लिनका लागि पर्खिन पनि छोडेका छैनौं । सो रकम पाए नुनतेलको व्यवस्था गर्दा हौं प्रभु ! गुजारा चलाउँदा हौं । दसैं मान्दा हौं ।"

लासाधिपतिको अनुहार एकाएक क्रुद्ध बन्यो । अनि ठेकेदारतिर फर्केर भने, "त्यति जाबो मुआब्जा पनि दिन सकेनौ ? कि त्यो पनि महाप्रभुसँग भनेर निकासा गराउनु पऱ्यो मैले ? तिमीहरू नालायक भयौ । अब तिमीहरूलाई दिएको नेपाल मण्डलको सत्ता पल्टाएर अर्कै भक्त ठेकेदारलाई दिन्छु । जुन पार्टीलाई ठेकेदार बनाउँदा पनि उस्तै हुन्छ । व्यवस्था टिक्न नसक्ने के यस्तो रोग लागेको हो यो नेपाल मण्डलमा !"

यसपछि लासाधिपतिले ऊतिर फर्केर भने, "छिटो प्रश्न सोधि हाल । जरुरी काम पर्ला जस्तो छ । महाप्रभुलाई यो सबै कुराको बिफिङ गर्न जानु पर्ने पनि हुन सक्छ ।"

उसले हतार हतार सोध्यो, "हे लासाधिपति ! हजुरको यो लास व्यवस्थापन प्रशासनमा कति तह छ ?"

लासाधिपति हतारमा थिए सायद । अनि हतार हतार भने "मेरा वरिपरि लाउके छन् । ठेकेदार छन् । लास बोक्ने मजदुर छन् । यसबाहेक पनि अनेकन तह छ ।"

"जति तह भए पनि आर्यघाटमा लासको पर्याप्त पूर्ति हुन सकेको छैन ।", लासाधिपतिको लाउके तत्काल बोल्यो ।

यो सुनेर लासाधिपति नै उग्र रिसाए बोले, "कस्तो नामर्द रहेछ त्यो ठेकेदार ! लासको अभाव हुने भो भन्छ । अरे नामर्द ठेकेदार, लासको कसरी अभाव हुन सक्छ ?"

लासाधिपतिको सूचना अधिकारीले डराइ डराइ भने, "विज्ञानले औषधी बनायो र आयु लामो पारिदियो । मानिसले बच्चा कम उत्पादन गर्न थाले । फेरि नेपाल मण्डलमा ज्ञानका कारणले चारैतिर शान्ति देखिने लक्षण छ । राजनीतिक व्यवस्थाले मेलो लेला जस्तो छ । त्यसैले लासको समस्या पर्ने कुरा अनुसन्धानले देखाएको हो प्रभु ।"

लासाधिपति औधी रिसाए । र, भने, "थुइक्क तिमीहरूको बुद्धि ? न तिगडम जानेका छौ, न कुटनीति आउँछ ? सबैभन्दा सजिलै लास पाइने ठाउँ नै नेपाल मण्डल हो । यदि लासको समस्या पऱ्यो भने हिन्दु मन्दिरमा गाई काट्ने पर्चा बाँडिदेऊ । मुसलमानको मस्जिदमा सुँगुर काट्ने पर्चा बाँडिदेऊ । मतवालीले तागाधारीको तागा चुँडालि दिने भनेर प्रचार प्रसार गर । एउटा एउटा इस्यु निकालेर सिंह दरबारमा आगो लगाइ दिनु पर्छ मात्र भन । गर्नु तिमीहरूले केही पर्दैन । ती आफैं आगो लगाउँछन्, लड्छन् र लास बन्छन् । लासलाई बोकेर घाटमा ल्याऊ । अनि कसरी लासको हाहाकार हुन्छ त ?"

ऊ ट्वाँ परेर बागमतीको बगेको बगर हेर्न थाल्यो । क्यामरा सुम्सुम्याउन थाल्यो । सूचना अधिकारी फेरि भन्न थाले, "हे लासाधिपति प्रभु ! लास बोक्ने मजदुरको पनि अभाव होला जस्तो छ ।"

लासाधिपति कुर्लिए, "होइन के भन्छौ तिमीहरू ? हाम्रा महाप्रभुले भर्ना गरेका त्यत्रा सेना, पुलिस, युवा जेनेरेसनका महिलापुरुष, एनजीओका कारिन्दा कता गए त !"

मजुदुरहरू एकै स्वरमा कराए, "हामी यतै छौं प्रभु । हामीलाई पहिले पनि बोलकबोल गरेअनुसारको दरमाहा दिइएको छैन । दरमाहा दिइँदा पनि घुस ख्वाउनु पर्छ । कमिसन कटाएर मात्र दरमाहा दिइन्छ । दिइने गरेको दरमाहा पनि निकै कम छ । त्यति थोरै दरमाहामा अब हामी उपद्रब गरेर लास बोक्न सक्दैनौं ।"

लासाधिपतिले एक छिन मौनता साँधे । त्यसै बेला भिडबाट आवाज आयो, "जुलुसमा हिँडाउँदा कबुल गरेको दरमाहा पनि पाएका छैनौं । बम पडकाएको पनि दरमाहा पाएका छैनौं । यसरी कसरी लास बनाउन र ढुवानी गर्न सकिन्छ र महाप्रभु ?"

यत्तिकैमा रगतमा लतपतिएका एक हुल युवतीहरू अगाडि आएर भने, "लासाधिपति ! हामीलाई हजुरका यी मजदुरहरूले दरमाहा दिन्छौं भन्दै पटक पटक बलात्कार गरे । हुलमुल हो भन्दै बन्दुक देखाएर बलात्कार गरे । तर एकै पैसा नदिई तर्साएर हिँडे । हामीमाथि न्याय हुनु पऱ्यो प्रभु ।"

लासाधिपतिले आर्थिक विभागमा तत्काल फोन गरेर भने, "लास व्यवस्थापक तथा लास ढुवानी गर्ने मजदुरको दरमाहा किन रोकिएको हो ? मजदुरको दरमाहा प्रति लासका हिसाबले अलि बढाइ देऊ । यी बलात्कारमा परेका नानीहरूको दरमाहा पनि आजै निकासा गरिदेऊ । लासको मुआब्जा बुझ्न आएका तिनका मातापिता तथा आफन्तलाई पनि तत्काल पैसा देऊ । किन ढिलासुस्ती ?"

अर्थविभाग प्रमुखले फोनमै भनेको सुनियो, "हे लासाधिपति ! यसैगरी मुआब्जा तथा दरमाहा रोकेर राख्यो भने मात्र लास आपूर्तिमा सहज हुन्छ ।"

तर आर्यघाटमा अन्याय भएकाको भिड बढ्न थाल्यो । लासाधिपतिले कुरा बुझे । हेलिकोप्टर मगाएर अलप हुने छाँट ल्याए । हतार हतार उसले प्रश्न सोध्यो, "हे लासाधिपति ! अब अन्तिममा एउटा प्रश्न, हजुरका पनि महाप्रभु कहाँ बस्छन् ?"

लासाधिपतिले पनि हतार हतार उत्तर दिए, "दिल्ली, अमेरिका, पेरिस, चिन जहाँ पनि बस्न सक्छन् । ती अदृश्य रूपले बसाइको ठाउँ फेर्न सक्छन् ।"

ऊ अझै प्रश्न गर्न खोज्दै थियो, भिड देखेर लासाधिपति तथा लासभक्षक देवता मानवाकृतिबाट अलप भएर पत्थरमा रूपान्तरण भए । हेर्दाहेर्दै देशमा आगो लाग्यो । लासहरू आर्यघाटमा लाम लागे । त्यसपछि लासको कहिल्यै हाहाकार भएन ।

उसले यो विभत्स दृश्यलाई कैद गऱ्यो र पत्रकारका अड्डालाई बेच्यो । र, आफू भने ईन्द्रलाई खुशी पार्ने विश्वासका साथ समाचारको पोकोपन्तुरो बोकेर स्वर्गतिर लाग्यो ।

(साहित्यपेष्टबाट)

तिला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय,
जुम्ला
कर्णाली प्रदेश नेपाल

जनहितमा जारी सन्देश !

१. खरिद गरेको समानको नाप वा तौल शंका लागेमा पुनः तौल गर्न लगाउने ।
२. नापतौन सम्बन्धी कुनै शंका वा गुनासो भए गुणस्तर तथा नापतौल कार्यालयमा जानकारी/उजुरी दिने ।
३. होटल व्यवसायमा खानेकुराको सम्पर्कमा आउने सम्पूर्ण उपकरण, भाँडा, बर्तन तथा सतहलाई खानामा प्रयोग गर्ने सकिने जीवाणुनासक वस्तु (सेनिटाइजर) र तातोपानी प्रयोग गरी सरसफाई गर्नुपर्ने छ ।
४. किट (हानिकारक जीव) हरुको नियन्त्रण गर्ने पर्याप्त व्यवस्था हुनुपर्ने छ ।
५. विमारी परेका वा झाडापखाला लागेका भनिएका कामदारहरुलाई पछिल्लो पटक त्यस्तो लक्षण देखिएको दिन देखि ४८ घण्टासम्म काममा नलगाउने ।
६. खाने (पकाउने) तेल एउटा पदार्थ पकाईसकेपछी नियमितरुपमा फेरबदल गर्नुपर्नेछ ।
७. खानेकुरालाई कम्तिमा ७५ डिग्री सेल्सियस तापक्रममा पुग्ने गरि राम्ररी पकाउनु पर्नेछ ।
८. बासी सडेगलेका, अस्वाभाविक गन्ध, रंग तथा स्वाद भएका खाद्यपदार्थ उपभोग नगरौं ।
९. मासु, दुग्ध पदार्थ, माछा तथा अण्डा लगायत छिटो सडीगली जाने खानेकुराहरुलाई ५ डिग्री सेल्सियस वा सो भन्दा तलको तापक्रममा रेफ्रिजेनेरेटरमा भण्डारण गर्ने र त्यसमा भण्डारण मिति तथा समय ठिकसँग लेवल लगाउनु पर्नेछ ।
१०. पकाएको खानेकुरालाई छोपेर जतिसक्दो चाडो २ घण्टा भित्र ५ डिग्री सेल्सियसको तापक्रममा राख्नु पर्नेछ ।
११. तोकिएको परिधिभित्र मात्र खाद्य रंग तथा अन्य प्रयोग गर्ने स्वीकृत यौगशील प्रयोग गर्ने । १६, स्वच्छ पानी र स्वच्छ कच्च्या पदार्थको प्रयोग गर्ने ।
१२. ढाँटी भुक्काइ कम गुणस्तरको खाद्य वस्तु विक्री वितरण नगर्नु र अभिलेख व्यवस्थित तवरले राख्ने ।
१३. दुग्ध उत्पादक संकलनकर्ता, प्रशोधनकर्ता, उद्योगी र विक्रेताले दुध तथा दुग्धपदार्थको स्वच्छता एवं गुणस्तर सम्बन्धी निर्देशिका, २०७५ मा व्यवस्था भएका स्वच्छता एवं गुणस्तर सम्बन्धी मापदण्डहरु पालना गरेर मात्र दुध तथा दुग्ध पदार्थको उत्पादन, संकलन, प्रशोधन र विक्री वितरण गरौं ।
१४. उद्योग व्यवसाय संञ्चालनका लागि अनिवार्य सरकारी निकायवाट अनुमति लिनुपर्ने छ र अनुमति ग्राहक तथा उपभोक्ताले देख्नेगरी राख्नु पर्नेछ ।
१५. जथाभावी ढुंगा गिट्टि, बालुवा उत्खन नगर्ने तथा बोट विरुवा काट्ने र खोलाको बहाव बढ्ने जस्ता कार्य नगरौं ।
१६. बाढी, पहिरोको जोखिम घटाउन समुदायस्तरबाट समयमै रुख रोपौ, वन जोगाऔं ।
१७. विपद्को घटना घटेमा उद्धार तथा राहतको लागि नजिकै रहेको सुरक्षा निकायमा सम्पर्क राखौं ।
१८. खानेपानीका मुहानहरु सदैव सफा राखौ ।

◆ अरूले गरेको धूमपानको असरले हरेक वर्ष १० लाखन्दा बढी मानिसको मृत्यु हुने गरेको छ ।
◆ धूम्रपान नगर्ने तर अरूले गरेको धूम्रपानको सम्पर्कमा आउन व्यक्तिहरूमा फोक्सोको क्यान्सर हुने जोखिम बढ्छ ।
◆ आगलागीका घटना र त्यसबाट मृत्यु हुने एउटा प्रमुख कारण चुरोट पनि हो ।
◆ ई-सिगरेटहरूले पनि छेउछाउमा रहेका धूम्रपान नगर्ने अन्य व्यक्तिमा निकोटिन र हानिकारक रसायनको सञ्चार गर्दछ ।
◆ अरूले गरेको धूम्रपानको सम्पर्कमा आउँदा यसले क्षयरोगको सुसुप्त सङ्क्रमणलाई सक्रिय रोगको रूपमा विकास हुने जोखिम बढाउँछ ।
◆ अरूले गरेको धूम्रपानको सम्पर्कमा आउँदा यसले टाइप २ मधुमेह विकास गराउँछ ।
◆ बालबालिकाको वरिपरि धूमपान गर्दा वा ई-सिगरेट पिउँदा यसले उनीहरूको स्वास्थ्य र सुरक्षाका लागि जोखिम निम्त्याउँछ ।
◆ सुर्तीले तपाईको दाँत पहेँलो हुन्छ र दाँतको वरिपरि धेरै फोहर (दन्तेलेउ) बढाउँछ ।
◆ धूम्रपान र घूँवारहित सुर्तीको सेवनले सास गन्नाउँछ ।
◆ धुम्रपान तथा सुर्तिजन्य पदार्थबाट आर्थिक सामाजिक सांस्कृतिक जीवनमा असर पार्नुको साथै स्वास्थ्य जीवनमा ठूलो नकारात्मक असर पार्दछ ।
◆ धूम्रपान गर्नेका छोराछोरीको फोक्सोको कार्य क्षमता कमजोर हुन्छ र वयस्क अवस्थामा पुगे पछि उनीहरूलाई श्वास प्रश्वास सम्बन्धी दीर्घ समस्याले सताउँछ ।

स्वास्थ्य सेवा निर्देशनालय
वीरेन्द्रनगर सुर्खेत

उम्मेदवारसँग भुकम्प पीडितको गुनासो

❐ काँक्रेविहार संवाददाता
जाजरकोट, ८ फागुन



जिल्लाका भूकम्पपीडितले चुनावी प्रचारका क्रममा मत माग्न आएका उम्मेदवारसँग अस्थायी आवासको दोस्रो किस्ता रकम नपाएको गुनासो गरेका छन् ।

भूकम्प गएको दुई वर्ष बितिसक्दा पनि पुनर्निर्माण सम्पन्न हुने समयमा दोस्रो किस्ता रकम नपाएको भन्दै पीडितले उम्मेदवारहरुसँग आक्रोश व्यक्त गरेका हुन् । २०८० कात्तिक १७ गते राति बारेकोट गाउँपालिका-१ रामीडाँडा केन्द्रविन्दु भएर गएको भूकम्पले ठूलो धनजनको क्षति पुऱ्याएको थियो ।

त्यसपछि सरकारले अस्थायी आवासका लागि पहिलो किस्ताबापत २५ हजार रुपैयाँ वितरण गरेको थियो । सो रकमबाट टहरा बनाएर बस्दै आएका पीडितले चुनावी गतिविधि तीव्र भएपछि गाउँमा पुगेका राजनीतिक दलका नेता र उम्मेदवारसँग दोस्रो किस्ता रकम कहिले आउने हो भनेर प्रश्न गरेका छन् ।

जस्तापाताको छानामुनि अस्थायी आवासमा बस्दै आएका सर्वसाधारणले पुनर्निर्माण सम्पन्न हुने बेलासम्म पनि दोस्रो किस्ता नपाएको बताएका छन् । कुशे गाउँपालिका अध्यक्ष हरिचन्द्र बस्नेतका अनुसार सरकारबाट प्राप्त रकम वितरण गरिएको भए पनि पाउन बाँकी लाभग्राहीका लागि रकम नआएकाले वितरण गर्न नसकिएको जानकारी दिए ।

उनका अनुसार दोस्रो किस्ता नपाउँदा पुनर्निर्माणका काम प्रभावित भएका छन् । जसका कारण निर्वाचनका बेला मतदाताले गम्भीर चिन्ता व्यक्त गरिरहेका छन् । भूकम्पपछि जिल्लाका सातवटा स्थानीय तहले ४८ हजार ५१६ जना लाभग्राहीको विवरण सरकारलाई पेस गरेका थिए । त्यसअनुसार ४१ हजार ७११ जनाले पहिलो किस्ता पाए पनि ३५ हजार ५८३ जनाले मात्र दोस्रो किस्ता पाएका छन् । अझै ६ हजार १२८ जना लाभग्राही दोस्रो किस्ताबाट वञ्चित छन् ।

भेरी नगरपालिका-१ का हस्तबहादुर कामीले पुनर्निर्माणका लागि स्थानीय सरकारसँग सम्झौता गरे पनि अहिलेसम्म रकम नपाएको गुनासो गरे । मत माग्न आएका नेता र उम्मेदवारसँग दोस्रो किस्ता कहिले उपलब्ध हुन्छ ? भनेर प्रश्न गर्दै उनले गुनासो पोखे ।

नगरपालिकागत विवरणअनुसार भेरी नगरपालिकामा दुई सय ३९, नलगाड नगरपालिकामा आठ सय २५, छेडागाड नगरपालिकामा एक हजार चार सय ६२, शिवालय गाउँपालिकामा ९१, बारेकोट गाउँपालिकामा एक सय तीन, कुशे गाउँपालिकामा दुई हजार ३९ र जुनीचाँदे गाउँपालिकामा एक हजार ६ सय ५० जनाले दोस्रो किस्ता पाउन सकेका छैनन् । पुनर्निर्माण सम्पन्न हुने समयमा समेत दोस्रो किस्ता नपाउँदा पीडितले गाउँमा पुगेका उम्मेदवारसँग जवाफ माग्न थालेका हुन् ।

तीन प्रदेशमा निर्वाचन मतपत्र ढुवानीको काम सम्पन्न

❐ काँक्रेविहार संवाददाता
काठमाडौं, ८ फागुन



सुदूरपश्चिम प्रदेश, कर्णाली प्रदेश र कोशी प्रदेशमा प्रतिनिधि सभा निर्वाचनको मतपत्र ढुवानीको काम सम्पन्न भएको छ । शुक्रवार निर्वाचन आयोगले नियमित पत्रकार सम्मेलनमार्फत सो जानकारी गराएको हो ।

बाँकी रहेका ४ वटा प्रदेशहरुमा पनि दुई दिनभित्र सकिने गरी मतपत्र ढुवानीको काम भइरहेको आयोगकी सहायक प्रवक्ता सीता पुन श्रीसले बताइन् । निर्वाचन आयोगले सबै जिल्लाहरुमा निर्वाचन सामग्रसहित मतपत्र ढुवानीको कामलाई तिव्रता दिएको हो ।

तोकिएको समय तालिकाभित्र सबै कामहरु सम्पन्न गर्नेगरी मतपत्र ढुवानीको काम पनि भइरहेको आयोगले जनाएको छ । आयोगकी सहायक प्रवक्ता श्रीसले भनिन्,'हामीले पहिलो हुने निर्वाचन तर्फका ७७ जिल्लाका १६५ निर्वाचन क्षेत्रका लागि २ करोड ३ लाख २३ हजार मत पत्र छपाई र प्याकिङको काम गऱ्यौ । त्यस्तै गरेर समानुपातिक मतपत्र छपाईको काम गऱ्यौ । जसमा २ करोड ८ लाख ३० हजार मतपत्र छपाईको काम गऱ्यौं । निर्वाचनका लागि मतपत्रहरु सुदूरपश्चिम, कर्णाली र कोशी प्रदेशमा ढुवानीको काम सम्पन्न गरिसकेका छौ । अथवा सम्बन्धित ठाउँमा पुऱ्याइसकेका छौ । अब बाँकि रहेका ४ वटा प्रदेशमा पठाउने काम भइरहेको र भोली, पर्सी गरेर निर्वाचन आयोगले तयार गरेको कार्यतालिका भित्र नै निर्वाचन सामग्री र मतपत्र ढुवानीको काम पुऱ्याईसक्ने गरी हामीले काम गरिरहेका छौं ।'

निर्वाचन आयोगले प्रतिनिधि सभा निर्वाचनको प्रत्यक्षतर्फ २ करोड ३ लाख २३ हजार र समानुपातिकतर्फ २ करोड ८ लाख ३० हजार मत पत्र छपाइ गरेको छ ।

पाटेबाघको आतंकले स्थानीय त्रसित

❐ काँक्रेविहार संवाददाता
कञ्चनपुर, ८ फागुन



कञ्चनपुरको शुक्लाफाँटा नगरपालिका-५ गर्जमुनि क्षेत्रमा पछिल्लो समय पटक-पटक पाटेबाघ देखिन थालेपछि स्थानीयवासी त्रसित बनेका छन् ।

बस्ती नजिकै बाघ देखिनुका साथै घरपालुवा चौपाया मारिन थालेपछि समुदायमा भय र असुरक्षाको महसुश गर्दै आएका छन् । शुक्लाफाँटा राष्ट्रिय निकुञ्जबाट बाहिर निस्किएका पाटेबाघ बस्तीमा प्रवेश गरी चौपाया आक्रमण गर्न थालेपछि अवस्था थप चिन्ताजनक बनेको स्थानीयले बताएका छन् ।

विशेषगरी साँझपख र रातिको समयमा बाघ देखिने गरेको जनाउँदै स्थानीयले दैनिक जीवन प्रभावित हुन थालेको गुनासो गरेका छन् । घटनापछि प्रशासनले सर्वसाधारणलाई उच्च सतर्कता अपनाउन आग्रह गरेको छ । यसैक्रममा गर्जमुनि क्षेत्रको त्रिशक्ति उपभोक्ता समितिले पनि समुदायलाई सचेत रहन अनुरोध गरेको छ ।

समितिका अध्यक्ष दमनबहादुर चन्दका अनुसार निकुञ्ज आसपासका बासिन्दालाई रातिको समयमा अनावश्यक हिँडडुल नगर्न विशेष रूपमा आग्रह गरिएको छ । उनका अनुसार अत्यावश्यक काम परेमा एक्लै बाहिर ननिस्कन, समूहमा रहेर टर्चलाइटको प्रयोग गर्दै मात्र आवतजावत गर्न सुझाव दिइएको छ । साथै घर, गोठ तथा बस्ती वरपरका झाडी र बुट्यान सफा राख्न, बाघ लुक्न सक्ने स्थान नबनाउन र चौपायालाई सुरक्षित गोठभित्र राख्न आग्रह गरिएको छ ।

अध्यक्ष चन्दले निकुञ्ज सीमाक्षेत्रका खेतबारीमा काम गर्न जाँदा, दाउरा-घाँस काट्न वा पशुचौपाया चराउन जाँदा एक्लै नजान र समूहमा रहेर मात्र काम गर्न समुदायलाई सचेत गराइएको जानकारी दिए । उनका अनुसार सामान्य लापरबाहीले ठूलो जोखिम निम्त्याउन सक्छ । त्यसैले सबैले सामूहिक सतर्कता अपनाउनु आवश्यक रहेको उनको भनाइ छ ।

कतै बाघ देखिएमा, बाघले चौपाया आक्रमण गरेको थाहा पाएमा वा अन्य शंकास्पद गतिविधि देखिएमा तुरुन्तै निकुञ्ज प्रशासन, नेपाली सेना, नगरपालिका वा सम्बन्धित वडा कार्यालयमा जानकारी दिन पनि स्थानीयलाई अनुरोध गरिएको छ ।

स्थानीय बासिन्दाले पाटेबाघ नियन्त्रण तथा बस्ती सुरक्षाका लागि निकुञ्ज प्रशासनले प्रभावकारी निगरानी, गस्ती र आवश्यक सुरक्षात्मक उपाय तत्काल अपनाउनुपर्ने माग गरेका छन् । पाटेबाघको बढ्दो गतिविधिले मानव-वन्यजन्तु द्वन्द्व बढ्ने खतरा रहेकाले दीर्घकालीन समाधान आवश्यक रहेको उनीहरूको भनाइ छ ।

प्रदेश अस्पतालको जनहितमा जारी सन्देश !

'सुन्दर व्यवस्थित साधन सम्पन्न समग्र स्वास्थ्य सेवाको सञ्जाल, सामुदायिक संगलग्नता र सहयोगयुक्त उत्कृष्ट नमूना प्रदेश अस्पताल'

प्रदेश अस्पतालबाट दिईने सेवाहरू :

- पेट, छाती, मुटु, हाडजोर्नी तथा नसा, बाल रोग, स्त्री रोग तथा प्रसूति निःसन्तान, जनरल सर्जरी अप्रेशन सम्बन्धी सेवा
- २४ सै घण्टा इमरजेन्सि र ल्याव सेवा, अल्ट्रासाउण्ड भिडियो एक्सरे सेवा
- ईन्डोस्कोपी इ.सी.जी. र इको कार्डियोग्राफि सेवा, गरीब असहायलाई निःशुल्क सेवा
- पाठेघर खस्ने समस्याको निःशुल्क शल्यक्रिया गरिने, पिसाब चुहिने रोगको जाँच तथा उपचार सेवा
- नाक, कान, घाँटी, छाला, यौन तथा कुष्ठरोग, मनोरोग सम्बन्धी सेवा
- फिजियोथेरापी, डायलसिस, प्याथोलोजी, आई.सि.यु. न्युरो आई.सि.यु. तथा एन आई.सि.यु, र अस्पताल फार्मेसी सेवा २४ सै घण्टा
- मेमोग्राफी, मृगौलाको पत्थर नचिरेर फुटाउने तथा लेजरबाट मृगौलाको पत्थरको शल्यक्रिया सेवा
- हर्निया, एपेन्डिक्सको नचिरेर मेसिनबाट शल्यक्रिया, न्युरो सर्जरी तथा स्पाईन सर्जरी सेवा
- दाँत तथा मुख सम्बन्धि सेवा र २४ सै घण्टा एम्बुलेन्स तथा शव वाहन सेवा

प्रदेश अस्पताल
वीरेन्द्रनगर सुर्खेत

भैरवी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय,
भैरीकालिकाथुम, दैलेख
कर्णाली प्रदेश नेपाल

जनहितमा जारी सन्देश !

१. खरिद गरेको समानको नाप वा तौल शंका लागेमा पुनः तौल गर्न लगाउने ।
२. नापतौन सम्बन्धी कुनै शंका वा गुनासो भए गुणस्तर तथा नापतौल कार्यालयमा जानकारी/उजुरी दिने ।
३. तोकिएको परिधिभित्र मात्र खाद्य रंग तथा अन्य प्रयोग गर्ने स्वीकृत यौगशील प्रयोग गर्ने । १६, स्वच्छ पानी र स्वच्छ कच्च्या पदार्थको प्रयोग गर्ने ।
४. किट (हानिकारक जीव) हरुको नियन्त्रण गर्ने पर्याप्त व्यवस्था हुनुपर्ने छ ।
५. विमारी परेका वा झाडापखाला लागेका भनिएका कामदारहरुलाई पछिल्लो पटक त्यस्तो लक्षण देखिएको दिन देखि ४८ घण्टासम्म काममा नलगाउने ।
६. उद्योग व्यवसाय संञ्चालनका लागि अनिवार्य सरकारी निकायवाट अनुमति लिनुपर्ने छ र अनुमति ग्राहक तथा उपभोक्ताले देख्नेगरी राख्नु पर्नेछ ।
७. होटल व्यवसायमा खानेकुराको सम्पर्कमा आउने सम्पूर्ण उपकरण, भाँडा, बर्तन तथा सतहलाई खानामा प्रयोग गर्ने सकिने जीवाणुनासक वस्तु (सेनिटाइजर) र तातोपानी प्रयोग गरी सरसफाई गर्नुपर्ने छ ।
८. खाने (पकाउने) तेल एउटा पदार्थ पकाईसकेपछी नियमितरुपमा फेरबदल गर्नुपर्नेछ ।
९. खानेकुरालाई कम्तिमा ७५ डिग्री सेल्सियस तापक्रममा पुग्ने गरि राम्ररी पकाउनु पर्नेछ ।
१०. बासी सडेगलेका, अस्वाभाविक गन्ध, रंग तथा स्वाद भएका खाद्यपदार्थ उपभोग नगरौं ।
११. मासु, दुग्ध पदार्थ, माछा तथा अण्डा लगायत छिटो सडीगली जाने खानेकुराहरुलाई ५ डिग्री सेल्सियस वा सो भन्दा तलको तापक्रममा रेफ्रिजेनेरेटरमा भण्डारण गर्ने र त्यसमा भण्डारण मिति तथा समय ठिकसँग लेवल लगाउनु पर्नेछ ।
१२. पकाएको खानेकुरालाई छोपेर जतिसक्दो चाडो २ घण्टा भित्र ५ डिग्री सेल्सियसको तापक्रममा राख्नु पर्नेछ ।
१३. ढाँटी भुक्काइ कम गुणस्तरको खाद्य वस्तु विक्री वितरण नगर्नु र अभिलेख व्यवस्थित तवरले राख्ने ।
१४. दुग्ध उत्पादक संकलनकर्ता, प्रशोधनकर्ता, उद्योगी र विक्रेताले दुध तथा दुग्धपदार्थको स्वच्छता एवं गुणस्तर सम्बन्धी निर्देशिका, २०७५ मा व्यवस्था भएका स्वच्छता एवं गुणस्तर सम्बन्धी मापदण्डहरु पालना गरेर मात्र दुध तथा दुग्ध पदार्थको उत्पादन, संकलन, प्रशोधन र विक्री वितरण गरौं ।
१५. जथाभावी ढुंगा गिट्टि, बालुवा उत्खन नगर्ने तथा बोट विरुवा काट्ने र खोलाको बहाव बढ्ने जस्ता कार्य नगरौं ।
१६. बाढी, पहिरोको जोखिम घटाउन समुदायस्तरबाट समयमै रुख रोपौ, वन जोगाऔं ।
१७. विपद्को घटना घटेमा उद्धार तथा राहतको लागि नजिकै रहेको सुरक्षा निकायमा सम्पर्क राखौं ।
१८. खानेपानीका मुहानहरु सदैव सफा राखौ ।

नलगाड नगरपालिका
नगर कार्यपालिकाको कार्यालय,
दल्ली, जाजरकोट
कर्णाली प्रदेश नेपाल

जनहितमा जारी सन्देश !

१. खरिद गरेको समानको नाप वा तौल शंका लागेमा पुनः तौल गर्न लगाउने ।
२. नापतौन सम्बन्धी कुनै शंका वा गुनासो भए गुणस्तर तथा नापतौल कार्यालयमा जानकारी/उजुरी दिने ।
३. खानेपानीका मुहानहरु सदैव सफा राखौ ।
४. मासु, दुग्ध पदार्थ, माछा तथा अण्डा लगायत छिटो सडीगली जाने खानेकुराहरुलाई ५ डिग्री सेल्सियस वा सो भन्दा तलको तापक्रममा रेफ्रिजेनेरेटरमा भण्डारण गर्ने र त्यसमा भण्डारण मिति तथा समय ठिकसँग लेवल लगाउनु पर्नेछ ।
५. तोकिएको परिधिभित्र मात्र खाद्य रंग तथा अन्य प्रयोग गर्ने स्वीकृत यौगशील प्रयोग गर्ने । १६, स्वच्छ पानी र स्वच्छ कच्च्या पदार्थको प्रयोग गर्ने ।
६. होटल व्यवसायमा खानेकुराको सम्पर्कमा आउने सम्पूर्ण उपकरण, भाँडा, बर्तन तथा सतहलाई खानामा प्रयोग गर्ने सकिने जीवाणुनासक वस्तु (सेनिटाइजर) र तातोपानी प्रयोग गरी सरसफाई गर्नुपर्ने छ ।
७. किट (हानिकारक जीव) हरुको नियन्त्रण गर्ने पर्याप्त व्यवस्था हुनुपर्ने छ ।
८. खाने (पकाउने) तेल एउटा पदार्थ पकाईसकेपछी नियमितरुपमा फेरबदल गर्नुपर्नेछ ।
९. खानेकुरालाई कम्तिमा ७५ डिग्री सेल्सियस तापक्रममा पुग्ने गरि राम्ररी पकाउनु पर्नेछ ।
१०. बासी सडेगलेका, अस्वाभाविक गन्ध, रंग तथा स्वाद भएका खाद्यपदार्थ उपभोग नगरौं ।
११. पकाएको खानेकुरालाई छोपेर जतिसक्दो चाडो २ घण्टा भित्र ५ डिग्री सेल्सियसको तापक्रममा राख्नु पर्नेछ ।
१२. ढाँटी भुक्काइ कम गुणस्तरको खाद्य वस्तु विक्री वितरण नगर्नु र अभिलेख व्यवस्थित तवरले राख्ने ।
१३. दुग्ध उत्पादक संकलनकर्ता, प्रशोधनकर्ता, उद्योगी र विक्रेताले दुध तथा दुग्धपदार्थको स्वच्छता एवं गुणस्तर सम्बन्धी निर्देशिका, २०७५ मा व्यवस्था भएका स्वच्छता एवं गुणस्तर सम्बन्धी मापदण्डहरु पालना गरेर मात्र दुध तथा दुग्ध पदार्थको उत्पादन, संकलन, प्रशोधन र विक्री वितरण गरौं ।
१४. उद्योग व्यवसाय संञ्चालनका लागि अनिवार्य सरकारी निकायवाट अनुमति लिनुपर्ने छ र अनुमति ग्राहक तथा उपभोक्ताले देख्नेगरी राख्नु पर्नेछ ।
१५. विमारी परेका वा झाडापखाला लागेका भनिएका कामदारहरुलाई पछिल्लो पटक त्यस्तो लक्षण देखिएको दिन देखि ४८ घण्टासम्म काममा नलगाउने ।
१६. जथाभावी ढुंगा गिट्टि, बालुवा उत्खन नगर्ने तथा बोट विरुवा काट्ने र खोलाको बहाव बढ्ने जस्ता कार्य नगरौं ।
१७. बाढी, पहिरोको जोखिम घटाउन समुदायस्तरबाट समयमै रुख रोपौ, वन जोगाऔं ।
१८. विपद्को घटना घटेमा उद्धार तथा राहतको लागि नजिकै रहेको सुरक्षा निकायमा सम्पर्क राखौं ।

काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, सम्पादक : सुशीलराज शर्मा, कार्यालयः वीरेन्द्रनगर-४, सुर्खेत, फोनः ०८३-५२२१७३/९८५८०५०५०५, web : kankrebihar.com, Email : kankrebihardaily@gmail.com मुद्रणः मिसन अफसेट प्रेस